# सूचना ६

## संवत् २०८३ सालको गठन आदेश (नेराप) नम्बर ८

## <u>हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३</u>

हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) आदेश, २०६७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस आदेशको नाम "हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) आदेश, २०६७ को दफा ३ मा संशोधन</u>** : हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) आदेश, २०६७ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ का उपदफा (३) र (४) झिकिएका छन्।

**३.** **<u>मूल आदेशमा दफा ३क. थप</u>** : मूल आदेशको दफा ३ पछि देहायको दफा ३क. थपिएको छ :-

"३क. <u>पदमुक्त हुने</u> : (१) यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम मनोनीत सदस्यको मनोनयन गर्दा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए तापनि यो आदेश प्रारम्भ भएपछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्ता सदस्य कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुनेछन्।

(२) उपदफा (१) बमोजिम पदमुक्त भएका पदाधिकारीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिनेछ।"

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।